नेपाल सरकार
# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
(कानून तथा फैसला कार्यान्वयन शाखा)

☎ ९७७-१-४२११५१६
९७७-१-४२११५३१

फ्याक्स : ९७७-१-४२११५१०

सिंहदरबार, काठमाण्डौ

प.सं.: २०८२/८३(कानून)
च.नं.: १६२

मितिः- २०८२/१२/२५
ने.सं. ११४६ चौलागा षष्ठी

श्री अपर त्रिशुली हाइड्रोपावर प्रा.लि.,
काठमाडौं, नेपाल।

विषयः निर्णयको जानकारी सम्बन्धमा।

उपर्युक्त सम्बन्धमा तपाई श्री अपर त्रिशुली हाइड्रोपावर प्रा.लि. ले विद्युत विक्रि सम्झौता र वित्तीय व्यवस्थापन सम्पन्न गर्ने म्याद मिति २०८०/२/८ सम्म कायम रहेको र उक्त काम सम्पन्न गर्न म्याद थपको लागि निवेदन पेश भएता पनि लाग्ने दस्तुर दाखिला नगरी निवेदन मात्र पेश गरेको देखियो। सो सम्बन्धमा विभागवाट पटक पटक पत्राचार गर्दा पनि तपाईले हाल सम्म आवश्यक दस्तुर पेश नगरेकोले तपाईको विद्युत उत्पादन अनुमतिपत्र विद्युत ऐन, २०४९ को दफा ८ को उपदफा (२) तथा विद्युत नियमावली, २०५० को नियम ८९ को उपनियम (२) वमोजिम विद्युत उत्पादन अनुमतिपत्र (वि.वि.वि. ०७५/७६ वि.उ. २६२) खारेज गर्ने भनी यस मन्त्रालयको (सचिवस्तर) बाट मिति २०८२/१२/२३ मा निर्णय भएकोले उक्त निर्णयको प्रतिलिपि पाना-२ जानकारीका लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

२०८२/१२/२५

..........................
(विनोद गौतम)
शाखा अधिकृत(कानून)

Email: lawmoewri@gmail.com

<u>ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव चिरञ्जीवी चटौतबाट भएको</u>

<u>निर्णय आदेश</u>

अनुमतिपत्र जारी गर्ने निकाय- विद्युत विकास विभाग, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय।

<u>विरूद्ध</u>

वि.वि.वि. ०७५/७६ वि.उ. २६२ को अनुमतिपत्र (माथिल्लो त्रिशुली -२ जलविद्युत आयोजना)

अनुमति प्राप्त गर्ने संस्था : श्री अपर त्रिशुली हाइड्रोपावर प्रा.लि.।

विषय : <u>विद्युत उत्पादन अनुमतिपत्र खारेजि सम्बन्धमा</u>।

प्रस्तुत विषयमा रसुवा जिल्लामा पहिचान भएको १०२ मेगावाट क्षमताको माथिल्लो त्रिशुली -२ जलविद्युत आयोजनाको प्रवर्द्धक श्री अपर त्रिशुली हाइड्रोपावर प्रा.लि. ले विद्युत उत्पादन अनुमतिपत्र (अनुमतिपत्र संख्या : वि.वि.वि. ०७५/७६ वि.उ. २६२) प्राप्त गरी विद्युत उत्पादन कार्य गर्दै आएकोमा हाल उक्त आयोजनाको सम्बन्धमा अध्ययन गर्दा आयोजनाले विद्युत विक्रि सम्झौता र वित्तिय व्यवस्थापन सम्पन्न गर्ने म्याद मिति २०८०/०२/०८ सम्म कायम रहेको र उक्त काम सम्पन्न गर्न म्याद थपको लागि निवेदन पेश भएता पनि विभागवाट पटक पटक पत्राचार गर्दा पनि प्रवर्द्धकवाट हाल सम्म आवश्यक दस्तुर पेश नभएकोले विद्युत ऐन, २०४९ को दफा ८ को उपदफा (२) र विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ को दफा २९ को उपदफा (२) को खण्ड (क) वमोजिम अनुमतिपत्र रद्द गरी सोही निर्देशिकाको दफा २९ को उपदफा (२) को खण्ड (ग) अनुसार आयोजना बैंकमा सूचीकृत गर्ने सिफारिस सम्बन्धमा प्रस्तुत फाईल विद्युत विकास विभागबाट यस मन्त्रालयमा पेश भएको।

प्रस्तुत सम्बन्धमा १०२ मेगावाट क्षमताको माथिल्लो त्रिशुली -२ जलविद्युत आयोजनाको प्रवर्द्धक श्री अपर त्रिशुली हाइड्रोपावर प्रा.लि. लाई यस मन्त्रालयको च.नं. १४९, मिति २०८२/१०/२३ को पत्रबाट प्रवर्द्धक श्री अपर त्रिशुली हाइड्रोपावर प्रा.लि. ले विद्युत विक्रि सम्झौता र वित्तिय व्यवस्थापन सम्पन्न गर्ने म्याद मिति २०८०/०२/०८ सम्म कायम रहेको र उक्त काम सम्पन्न गर्न म्याद थपको लागि निवेदन पेश भएता पनि विभागवाट पटक पटक पत्राचार गर्दा पनि प्रवर्द्धकवाट हाल सम्म आवश्यक दस्तुर पेश नभएकोले विद्युत ऐन, २०४९ को दफा ८ को उपदफा (२) र विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ को दफा २९ को उपदफा (२) को खण्ड (क) वमोजिम अनुमतिपत्र रद्द गरी सोही निर्देशिकाको दफा २९ को उपदफा (२) को खण्ड (ग) अनुसार आयोजना बैंकमा सूचीकृत गर्ने सिफारिस साथ विद्युत विकास विभागवाट सक्कल फाइल कागजात प्राप्त हुन आएकोले प्रस्तुत सम्बन्धमा के कसो भएको हो? विद्युत खरिद विक्रि सम्झौता र वितिय व्यवस्थापन गर्न निवेदन पेश गरेता पनि के कति कारणले दस्तुर दाखिला नगरेको हो? विद्युत विकास विभागको सिफारिस वमोजिम तपाईको विद्युत उत्पादन

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
२०७४

चिरञ्जीवी चटौत
सचिव

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
२०७४

चिरञ्जीवी चटौत
सचिव

अनुमतिपत्र किन रद्द नगर्ने? यदि रद्द गर्न नपर्ने कानून वमोजिमको आधार र कारण भए सो खुलाई यो सूचना प्राप्त गरेको मितिले बाटोका म्याद बाहेक १५ दिनभित्र यस मन्त्रालयमा स्पष्टीकरण पेश गर्नु भनी १५ दिने स्पष्टीकरण सोधेकोमा कम्पनीलाई पटक पटक सम्पर्क गर्दा पनि पत्र वुझ्न नआएको तथा पछि विद्युत विकास विभाग मार्फत मिति २०८२/११/१४ मा पत्र वुझि स्पष्टीकरण पेश नगरेको र स्पष्टीकरण पेश गर्ने म्याद समेत समाप्त भएको देखिन्छ।
अतः माथिल्लो त्रिशुली -२ जलविद्युत आयोजनाको प्रवर्द्धक श्री अपर त्रिशुली हाइड्रोपावर प्रा.लि. ले विद्युत विक्रि सम्झौता र वित्तिय व्यवस्थापन सम्पन्न गर्ने म्याद मिति २०८०/०२/०८ सम्म कायम रहेको र उक्त काम सम्पन्न गर्न म्याद थपको लागि निवेदन पेश भएता पनि विभागवाट पटक पटक पत्राचार गर्दा पनि प्रवर्द्धकवाट हाल सम्म आवश्यक दस्तुर पेश नभएको तथा म्याद भित्र स्पष्टीकरण समेत पेश नगरेकोले श्री अपर त्रिशुली हाइड्रोपावर प्रा.लि. को विद्युत उत्पादन अनुमतिपत्र विद्युत ऐन, २०४९ को दफा ८ को उपदफा (२) तथा विद्युत नियमावली, २०५० को नियम ८९ को उपनियम (२) वमोजिम विद्युत उत्पादन अनुमतिपत्र खारेज गरिदिएको छु। अन्य तपशिल बमोजिम गर्नू।

<u>तपशिल</u>

१. श्री अपर त्रिशुली हाइड्रोपावर प्रा.लि., काठमाडौं, नेपालको विद्युत उत्पादन अनुमतिपत्र खारेजीको लागि फाइल विद्युत विकास विभाग पठाउनु।
२. उल्लिखित निर्णय उपर चित्त नवुझेको खण्डमा ३५ दिन भित्र उच्च अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी विपक्षीको नाउँमा पुनरावेदन म्याद दिनु।
३. सरोकारवालाले निर्णयको प्रतिलिपि माग गर्न आएमा नियमानुसार दिनु।
४. प्राप्त हुन आएको प्रस्तुत सक्कल फाइल विद्युत विकास विभागमा पठाउनु।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
२०७४

.....................
(चिरञ्जीवी चटौत)
सचिव

इति सम्बत् २०८२ साल चैत्र महिनाको २३ गते रोज २ शुभम्...........................।